**सुचना सार्वजनिक गर्ने निकायको नाम :- जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान ब्यवस्थापन तथा स्थानीय पुर्वाधार, पाल्पा ।**

सुचना सार्वजनिक गरेको अवधी :- आ.व. २०७७/०७८ को प्रगति विवरण ।

**१. जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) पाल्पाको परिचयः**

भुकम्पबाट भत्किएका घर तथा भौतिक संरचनाहरुको पुनर्निर्माण र विस्थापित भएका व्यक्ति तथा परिवारलाई पुनर्स्थावना गर्न मिति २०७२ साल पौष १० गतेको मन्त्रीपरिषदको बैठकको निर्णय अनुसार आवश्यक नीति नियम बनाएर प्राधिकरणले पुनर्निर्माण र पुनर्स्थापनका कामहरुलाई अघि बढाईरहेको छ । राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट स्वीकृत भएका जिल्ला भित्रका सम्पुर्ण भुकम्पीय क्षतिग्रस्त संरचनाको पुनर्निर्माणको कामलाई संचालन तथा सहजीकरण गर्नका लागि जिल्ला आयोजना कार्यान्वयन इकाई ( अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार),पाल्पाको मिति २०७४/०५/१५ मा कार्यालय स्थापना भएको हो ।

**उद्धेश्य**

- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले तोकेको नीति, नियममा रही किस्ता वितरण तथा पुनर्निर्माण सम्वन्धी कार्य गर्ने ।
- भुकम्पीय आपतकालिन सहायता कार्यक्रम तर्फ सडक, पुल निर्माण सम्बन्धी कार्य गर्ने ।
- गुम्वा पुनर्निर्माण/मर्मत सम्बन्धी कार्य गर्ने ।
- वातावरणीय तथा सामाजिक सुरक्षण सम्वन्धी कार्य गर्ने ।

**कार्यक्षेत्र :-**

पाल्पा जिल्ला स्थित १० वटै स्थानीय तहहरु :

१.तानसेन नगरपालिका

२. रामपुर नगरपालिका

३. निस्दी गाउँपार्लािलका

४. पुर्वखोला गाउँपालिका

५. रम्भा गाउँपालिका

६. माथागढी गाउँपालिका

७. बगनासकाली गाउँपालिका

८. तिनाउ गाउँपालिका

९. रिब्दीकोट गाउँपालिका

१०. रैनादेवी छहरा गाउँपालिका

**आयोजनाको मुख्य मुख्य कामहरु :-**

(क) निजी आवास पुनर्निर्माण सम्बन्धी कार्य,

(ख) भुकम्पीय आपतकालिन सहायता कार्यक्रम तर्फ सडक, पुल निर्माण सम्बन्धी कार्य

(ग) गुम्वा पुनर्निर्माण/मर्मत सम्बन्धी कार्य

(घ) वातावरणीय तथा सामाजिक सुरक्षण सम्वन्धी कार्य गर्ने ।

**२. जिल्ला आयोजना कार्यान्वयन इकाईको काम कर्तब्य :-**

- केन्द्रिय तथ्याङ्क विभाग वा अर्न्तगतका तथ्याङ्क कार्यालयबाट भुकम्पबाट क्षतिग्रस्त घरहरुको लागत संकलन एवं भुकम्प पिडित भएको निस्सा प्रदान ।
- केन्द्रिय तथ्याङ्क विभागबाट प्राप्त विवरणको आधारमा घरहरुको Verification गरी क्षतीको आधारमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट लाभग्राही पहिचान गरी Mis System मा Mis Upload गनेृ र Upload गरेको विवरण सम्बन्धीत स्थानीय तह, वडा कार्यालय,जिल्ला आयोजना कार्यान्वयन इकाई (अनुदान व्यवस्थापन तथा स्थानीय पुर्वाधार) एवं कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाउने ।
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भुकम्प पिडितको लाभग्राही सुचिमा सुचिकृत लाभग्राहीहरुले सम्बन्धित पालिकाको वडा कार्यालयमा गई आफुले प्राप्त गरेको निस्सा पेश गरी निवेदन दिने र आफुलाई  राष्ट्रिय पुनर्निर्माण प्राधिकरणबाट प्राप्त विवरण संग भिडाई आवास पुनर्निर्माण तथा प्रवलिकरणको अनुदान सम्झौता सम्वन्धित वडा र लाभग्राही विच हुने ।
- निजि आवास पुनर्निर्माण लाभग्राहीहरुलाई अनुदान किस्ता रकम उपलब्ध गराउने ।

**अनुदान वितरण गर्ने प्रक्रिया :-**

- भुकम्प पिडित लाभग्राहीको पुनर्निर्माण सुचिमा सुचिकृत भएको लाभग्राहीहरुलाई अनुदान वापतको रकम ३ किस्तामा वितरण गरिन्छ ।
- पहिलो किस्ता वापतको रकम रु. ५०,०००- सम्झौता गरेपछि पाईने ।
- दोस्रो किस्ता वापतको रकम रु.१,५०,०००।- Dpc सम्मको निर्माण कार्य सम्पन्न गरेपछि पाईने
- तेस्रो किस्ता वापतको रकम रु. १,००,०००।- गारो र छाना राखेपछि पाईने ।
- भुकम्प पिडित लाभग्राहीको प्रवलिकरण सुचिमा सुचिकृत भएको लाभग्राहीहरुलाई अनुदान वापतको रकम २ किस्तामा वितरण गरिनेछ ।
- पहिलो किस्ता वापत रकम रु.५०,०००।- सम्झौता गरेपछि पाईने ।
- दोस्रो/ किस्ता वापतको रकम रु.५०,०००।- प्रवलीकरण कार्य सम्पन्न गरेपछि पाईने ।
- जोखिम बर्गाका भुकम्प पिडित लाभग्राहीहरुलाई आवास पुनर्निर्माणको लागि स्थानीय तहको सिफारिसमा प्राधिकरणको निर्णयको आधारमा थप रकम रु.५०,०००।- उपलब्ध गराईने ।
- भुमिहिन भुकम्प पिडित लाभग्राहीहरुले घडेरी खरिद गर्नको लागि स्थानीय तहको सिफारिसमा प्राधिकरणको निर्णयको आधारमा थप २,००,०००।- अनुदान रकम प्राप्त गर्नेछन् तर लाभग्राहीले हाल उपभोग गरिरहेको स्थान प्रयोग गर्न पाउने छैनन् ।

### ३. जिल्ला आयोजना कार्यान्वयन इकाई पाल्पाको स्वीकृत दरबन्दी :-

| सि. नं. | पद | दरबन्दी संख्या | पदपुर्ति | कैफियत |
|---|---|---|---|---|
| १. | उपसचिव | १ | ० | |
| २. | इन्जिनियर | ३ | २ | |
| ३. | शाखा अधिकृत | २ | १ | |
| ४. | लेखा अधिकृत | १ | १ | |
| ५. | ना.सु. | २ | १ | |
| ६. | सव-इन्जिनियर | ३ | १ | |
| ७. | कम्प्युटर अपरेटर | २ | २ | |
| ८. | सामाजिक परिचालक | १ | १ | |
| ९. | ह.स.चा. | १ | १ | |
| १०. | कार्यालय सहयोगी | २ | २ | |

### ४. कार्यालयमा कार्यरत कर्मचारी विवरण :-

| सि. नं. | कर्मचारीको नाम/थर | पद | कैफियत |
|---|---|---|---|
| १. | अनन्त सुनार | नि.आयोजना प्रमुख | |
| २. | सुरेन्द्र बस्याल | लेखा अधिकृत | |
| ३. | दीपक कुमार नेपाली | शाखा अधिकृत | |
| ४. | राजेश पाठक | इन्जिनियर | |
| ५. | ओम प्रकाश ढकाल | ना.सु. | |
| ६. | सन्तोष कार्की | सव-इन्जिनियर | |
| ७. | बिना के.सी. | कम्प्युटर अपरेटर | |
| ८. | बिष्णु प्रसाद पाण्डे | कम्प्युटर अपरेटर | |
| ९. | सन्जु रेग्मी | सामाजिक परिचालक | |
| १०. | सुर्य प्रसाद पाण्डे | ह.स.चा. | |
| ११. | बिष्णु प्रसाद बस्याल | कार्यालय सहयोगी | |
| १२. | कविता बस्याल | कार्यालय सहयोगी | |

**कार्यालय प्रमुखको नाम :- अनन्त सुनार - ९८५७०२१४०७**

**सुचना अधिकारीको नाम :- राजेश पाठक - ९८६९१६७९६०**

**आर्थिक वर्ष २०७७/२०७८ मा प्राप्त बजेट तथा कार्यक्रम :**

| शिर्षक | बजेट | खर्च | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| चालु | १९,३७,५९,०००।- | १६,४१,६४,८३६।- | ८४.७१% | अनुदान रकम |
| पुजिगत | २३,७९,७१,०००।- | १६,२२,७९,०७८।- | ६८.१७% | |
| कुल | ४३,१७,३०,०००।- | ३२,६४,४३,९१४।- | ७५.६१% | |

**आर्थिक वर्ष २०७७/०७८ मा कार्यालयको प्रगति विवरण :-**

निजि आवास पुनर्निर्माण तर्फको प्रगति विवरण:

**पुर्णक्षति लाभग्राही**

कुल लाभग्राही :- ४९३०

संझौता सम्पन्न लाभग्राही:- ४४०८

पहिलो किस्ता = ४४०८ (८९.४१%)

दोस्रो किस्ता = ३३८७ (७६.८३%)

तेस्रो किस्ता = ३०७६(६९.७८%)

**प्रवलिकरण लाभग्राही**

कुल लाभग्राही :- ८१४

संझौता सम्पन्न लाभग्राही:- ४२३

पहिलो किस्ता = ४१७

दोस्रो किस्ता = १

**आ.व.२०७७/०७८ मा किस्ता वितरणको अवस्था**

पहिलो किस्ता = २१८

दोस्रो किस्ता = ५१७

तेस्रो किस्ता = ६४७

**आर्थिक प्रगति :-**

| बजेट | खर्च | प्रगति % |
|---|---|---|
| १७,४८,७५,०००।- | १५,३१,५०,००० | ८७.५८% |

**५. निजी आवास पुननिर्माण वातावरणीय तथा सामाजिक सुरक्षण कार्यक्रम**

| सि.नं | योजनाको नाम | लागत रकम | खर्च रकम | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | दर्लामीटोल वस्ती संरक्षण तथा पहिरो नियन्त्रण योजना | ११,५४,६०३.०० | १०,०१,४९८.०० | १०० |
| २. | रिब्दीकोट खानेपानीको मुहान संरक्षण योजना | ६,७४,५०३.०० | ५,३७,४८२.०० | १०० |
| ३. | संगाहा ठुलीटार सामुदायिक वनमा वृक्षारोपण कार्यक्रम | ३,९१,२६०.०० | ३,६७,४६८.०० | १०० |

## ६. स्थानीय पुर्वाधार तर्फ

### १. डुम्रे–चकल्दी-कुसुमखोला-बुढाखोल्सी सडक (१४कि.मी.)

सडक, चौडा गर्ने, मेसिनरी पर्खाल,गेवियन पर्खाल, Side Drain , खोल्सीहरुमा ह्युम पाइप कल्भर्ट, कजवे, निर्माण गरी ग्राभेल सडक बनाउने ।

लागत :- १८,३०,७१,५९८।-

खर्च :- १५,७२,८९,०४०।-

प्रतिशत :- ८५.९०%

भौतिक प्रगति :- १३ कि.मी. सडकमा मेसिनरी गेवियन  Side Drain ,कल्भर्ट निर्माण सकि ग्राभेल भैसकेको छ ।

### २. तानसेन खोला सडक पुल २० मि.

पुल निर्माण, अप्रोच सडक र्निर्माण, नदी नियन्त्रण गर्ने ।

लागत :- २,५१,९२,२७१।-

खर्च :- २,०६,९६,४८७।-

प्रतिशत :- ८२.१३%

भौतिक प्रगति :- २० मी. पुल निर्माण सम्पन्न, नदी नियन्त्रण सम्पन्न, अप्रोच सडक निर्माण गरी बाटो सुचारु गर्न बाकी ।

### ३. कुसुम (चकल्दी) खोला पुल (२० मी.)

पुल निर्माण, अप्रोच सडक निर्माण, नदी नियन्त्रण गर्ने, १० मी. लम्वाई को Box Culvert निर्माण गर्ने ।

लागत :- २,५८,१९,३४७।-

खर्च :- १,८८,८४,६२७।-

प्रतिशत :- ७३.१७%

भौतिक प्रगति :- १० मी.लम्वाईको Box Culvert निर्माण सम्पन्न, २० मी. लम्वाईको पुलको दुवैतिरको पिल्लर निर्माण सम्पन्न गरी Slab ढलानको  तयारी अवस्थामा रहेको तर वर्षाको कारण खोला बढ्न गई रोकिएको ।

### ४. डुम्रे–चकल्दी-कुसुमखोला-बुढाखोल्सी-सैटोला-त्रिवेणी-सर्देवा-सातमुरे सडक (२९.५० कि.मी.)

(नयाँ थप कार्यक्रम बैशाखमा प्राप्त भएको)

डुम्रे–चकल्दी-कुसुमखोला-बुढाखोल्सी (१४कि.मी.) सम्म अस्फाल्ट  पिच गर्ने ।

बुढाखोल्सी-सैटोला-त्रिवेणी-सर्देवा-सातमुरे (१५.५० कि.मी.) चौडा गर्ने, सडकमा टेवा पर्खाल लगाई नाली बनाउने ।

लागत :- २४,४८,७४,१३०।-

खर्च :- २,१२,००,०००।-

प्रतिशत :- ८.६६%

**आर्थिक प्रगति :-**

| सि.नं. | शिर्षक | बजेट | खर्च | प्रगति प्रतिशत |
|---|---|---|---|---|
| १. | सडक पुर्वाधार निर्माण | १७,८८,५६,०००।- | १३,८७,१६,९४८।- | ७७.५७ % |
| २. | पुल निर्माण | ५,२०,००,०००।- | ४,०६,३८,२१७।- | ७८.०७ % |
| ३. | Physical Implementation of ESMP | ३३,००,०००।- | १३,८५,०८२ ।- | ४१.९६ % |
| ४. | सडक अधिकरण मुआब्जा वितरण | २८,१५,००० ।- | २३,४२,१७२ ।- | ८३.१९ % |
| ५. | बायो इन्जिनियरिङ्ग कार्य | १०,००,००० ।- | ४,८८,६६८।- | ४८.८० % |
| | **कुल रकम** | **२३,७९,७१,०००।-** | **१८,३५,७१,०८७।-** | **७७.१४%** |

**चुनौतीहरु :-**

आ.व. २०७७/०७८ असार सम्ममा निजि आवास पुनर्निर्माण तथा स्थानीय पुर्वाधार निर्माण सम्पन्न गर्ने लक्ष्यका साथ निर्माण कार्य अघि बढीरहेकोमा Covid-19 को दोस्रो लहर संक्रमणको कारण भएको निषेधाज्ञाले निर्माण कार्य प्रभावित हुन गई ढिलो भएको साथै जेठ महिना देखि आएको लगातार वर्षाको कारण पहिरो, खोलाले कटान, निर्माण सम्पन्न संरचनामा क्षति हुन गई समयमै निर्माण सम्पन्न गर्न कठिनाई आएको ।

राजेश पाठक
सूचना अधिकारी